मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा हरि नाथको हकमा पुनरावेदन गरिएका आधारहरु
१	रिता वादे श्रेष्ठ समेत (वि.अ. को मु.नं. ०७७-CR-००९१), वि.अ. को फैसला मिति २०८०।११।१०	भष्ट्राचार (रकम हानी नोक्सानी समेत	प्रतिबादी मध्येका रिता वादे श्रेष्ठ, सुबर्ण राजभन्डारी, बिष्णु प्रसाद धिताल, ईच्छा बहादुर गुरङ,लोकेन्द्रमान कर्माचार्य र छविरमण अधिकारीले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा सार्वजनिक संस्थाको सम्पत्ति रु.१,७५,६७,८९४।४२ (एक करोड पचहत्तर लाख सत्सठी हजार आठ सय चौरानब्बे रूपैया बयालिस पैसा मात्र) बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गरेको कुरा पुष्टि हुन आएकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुरुपको कसुर भएको हुँदा निज प्रतिबादीहरुलाई निजहरुले हिनामिना गरेको सार्वजनिक संस्थाको सम्पत्तिको विगो रु. १७,५६७,८९४।४२ (एक करोड पचहत्तर लाख सत्सठी हजार आठ सय चौरानब्बे रूपैया बयालिस पैसा मात्र) कायम गरी उक्त विगो ऐ.दफा १७ बमोजिम नेपाल क्रेडिट एण्ड कमर्स बैक लि.लाई भराई सोही दफा १७ मा उल्लेख भएबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम	**<u>विशेष अदालतले गरेको फैसलाको संक्षिप्त व्यहोरा :-</u>** प्रस्तुत मुद्दामा विशेष अदालत काठमाण्डौवाट फैसला हुँदा प्रतिवादीहरुले आरोपदावीवाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ । विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी फैसला भएको र फैसला गर्दा निम्न आधारहरु लिएको देखिन्छ :- प्रस्तुत मुद्दामा ऋण प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थामा नागरीक लगानी कोषको लगानी रहेता पनि सो कोषको के कति रकम हिनामिना भएको वा क्षति पुगेको हो भन्ने स्पष्ट आरोपदाबी रहेको नदेखिएको । ऋण प्रवाह गर्दा प्रतिवादीहरुको बदनियत रहेको भन्न आरोपदाबी मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएको नदेखिएको ऋण प्रवाहको कैफियत एवम् ऋण असूलीका सम्बन्धमा यिनै प्रतिवादीहरु समेत उपर सक्षम अदालतमा मुद्धाहरु बिचाराधिन रहेको तथा कतिपय मुद्दामा ऋण असूली न्यायाधिकरणबाट फैसला समेत भई ऋण असूली प्रक्रियामा रहेको देखिएको र सो ऋण प्रवाह गर्दा प्रतिवादीहरुको बदनियत रहेको भन्ने आरोपदाबी मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएको नदेखिएको	विशेष अदालतको फैसला उपर प्रतिवादीहरुको हकमा पुनरावेदन गर्ने आधारः **क.** साविक रोयल मर्चेन्ट बैकिङ एण्ड फाइनान्स लि. र पछि उक्त संस्था मर्ज भै बनेको एपेक्स डेभलपमेन्ट बैंक लि. दरबारमार्ग शाखामा अरुणिमा हाउजिङ प्रा.लि.का संचालक रोहित दाहालले पेश गरेको कर्जा आवेदन, व्यक्तिगत आयश्रोत विवरण, धितोको स्थलगत निरीक्षण तथा City Engineering Consultancy को मूल्याङ्कन प्रतिवेदन, Credit Appraisal Report, Loan Approval Memorandum बाट साविक एपेक्स डेभलपमेन्ट बैंक लिमिटेड शाखाबाट मिति २०७२।०७।१५ मा दर्ता भएको फर्मले २०७२।७।१६ को निवेदन मार्फत व्यापारिक कर्जा माग गर्ने उद्देश्य प्रष्ट नभएको, कर्जा स्वीकृति पत्र कर्जा स्वीकृत गर्नु अगावै मिति २०७२।०७।२० मा तयार भएको,मिति २०७२।०८।१४ मा खरिद भएको जग्गा धितो लिई मिति २०७२।०८।१५ मा नै कर्जा प्रवाह भएको, के को लागि कर्जा भन्ने स्पष्ट उदेस्य उल्लेख नभएको, २०७२।०७।१५ मा दर्ता भएको फर्मले भोलिपल्टै कर्जा माग गरेको, परियोजना संचालनमा नरहेको, कर्जा प्रवाह भएकै दिन १८६ लाख एउटा लाई तथा ठुलो ठुलो रकमहरु बिभिन्न व्यक्तिलाई भुक्तानी दिईएको, धितोले कर्जालाई नखामेको, कर्जा प्रवाह गर्नु अघि ऋणीको बारेमा प्रयाप्त जानकारी नलिइएको, कर्जा सिफारीस पत्रमा उल्लेख भएका जानकारी बिश्वास योग्य नभएको तथा कर्जा स्वीकृत पत्र कर्जा स्वीकृत हुनु भन्दा अगावै तयार पारेको जस्ता कैफियतहरु रहेको अबस्थामा ऋणीले कर्जाको आबेदन गरेको मिति पूर्व नै धितोको मूल्याङ्कन गरेको जस्ता नेपाल राष्ट्र बैक समेतले कैफियत समेत रहेको अबस्थामा कर्जा स्वीकृत गरी कैफियत रहेको कर्जा स्वीकृत गरेकोमा उक्त कर्जा नियमित नभई रहेको अवस्थामा नवीकरण समेत गरी गराई सार्वजनिक संस्थाको सम्पत्ति लापरवाही तथा बदनियत गरी हिनामिना तथा हानि नोक्सानी गरी गराई सार्वजनिक संस्थालाई एन.सि.सि. बैंकको च.नं. ५८/०७७- ७८ मिति २०७७।०८।२५ को पत्रानुसार सावाँ रु.६,६५,२८५।०० व्याज रु.१६,९०२,६०९।४२ गरी जम्मा रु.१७,५६७,८९४।४२ (एक करोड पचहत्तर लाख सत्सठी हजार आठ सय चौरानब्बे रूपैया बयालिस पैसा मात्र) नोक्सान पुऱ्याएको भन्ने देखिरहेकव

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

			जरिवाना गरी दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद समेत गरी पाउन मागदावी लिईएकोअवस्था छ । प्रतिवादी मध्येका नरेश स्वारले धितोको मूल्यांकन गरी प्रतिबेदन दिँदा बदनियत पूर्वक भए गरेका कुरा लुकाई छिपाई नभएको कुरा देखाई गलत प्रतिबेदन दिएको कुरा पुष्टि हुन आएको र निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा निजलाई सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय गरी पाउन तथा प्रतिबादी मध्येका रोहित दाहाल, लेखनाथ दाहाल, मनोज कुमार भेटवाल, सन्तोष धिताल, सागर नेउपाने, विकास श्रेष्ठ, दुर्गादत्त जोशी, रामचन्द्र बसौला, ऋषिराज भट्ट र प्रमोद भट्टराईले प्रतिबादीहरु रिता वादे श्रेष्ठ, सुबर्ण राजभन्डारी, बिष्णु प्रसाद धिताल, ईच्छा बहादुर गुरुङ, लोकेन्द्रमान कर्माचार्यको मत सल्लाहमा लागि सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको कुरा पुष्टि हुन आएको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७	हुँदा सबै प्रतिवादीहरुले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।	अवस्थामा सो तर्प अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । **ख.** प्रतिबादी मध्येका, रितावादे श्रेष्ठ, सुबर्ण राजभन्डारी, बिष्णु प्रसाद धिताल, ईच्छा बहादुर गुरुङ र लोकेन्द्रमान कर्माचार्यको हकमा हेर्दा यी प्रतिबादीहरु साविक एपेक्स डेभलपमेन्ट बैक लि.का संचालक समितिका सदस्य रहेका देखिन्छन् । साविक रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. दरबारमार्ग शाखाबाट प्रवाह भएका अधिकांश कर्जाहरुमा कर्जा प्रवाह सम्बन्धी न्यूनतम मापदण्डहरु समेत नअपनाई अनियमित तवरले कर्जा प्रवाह भएको, मर्जरमा जाने सहमति पत्रमा हस्ताक्षर गरे पश्चात लापरवाही ढंगबाट अस्वभाविक रुपमा ठूलो मात्रामा कर्जा प्रवाह गरेको, संचालकहरु, नि.कार्यकारी अधिकृत, शाखा प्रबन्धक, व्यवस्थापन समितिमा रहेका पदाधिकारीहरु, धितोको स्थलगत निरीक्षण गर्ने कर्मचारीहरु एवं धितो मूल्याङ्कनकर्ता र ऋणीले एकापसमा मिलेमतो गरी एनसिसि बैकसँग मर्जर सम्झौता भएको मिति २०७२।८।११ अगाबै कर्जा स्वीकृत गरी जग्गा खरीद तथा धितो रोक्का र कर्जा प्रवाह मिति सो मिति पश्चात भएको तथा पहिलो चरणको धितोले स्वीकृत लिमिटलाई नखाम्ने समेत देखिएको साथै मिति २०७२।०७।१५ मा दर्ता भएको फर्मले २०७२।०७।१६ को निवेदन मार्फत व्यापारीक कर्जा माग गर्ने उद्देश्य नमिल्दो देखिएको । हाल परियोजना संचालनमा नरहेको तथा जग्गा बिकास र रियल स्टेट सम्बन्धी कुनै कार्य नभएको । सुरु कर्जा प्रवाह भएकै दिनमा नै रु.१,८६,००,०००।- मोहोन बिक्रम लामाले, ठुलो रकम बिभिन्न चेक मार्फत सरिता ढकाल, उपेन नेम्वाङले झिकेकोले कर्जाको दुरुपयोग भएको बन्ने यथेष्ट आधार भेटिएको । ऋणीको उमेर, अनुभव, पृष्ठभूमि आदिको कर्जा प्रवाह गर्नु अगाडि प्रयास जानकारी नलिएको तथा कर्जा सिफारिस पत्रमा भएका बिबरणहरु बिश्वासनीय नदेखिएको । कर्जा स्वीकृतपत्र कर्जा स्वीकृति गर्नु अगावै मिति २०७२।७।२० मा तयार भएको, चार किल्ला प्रमाणित कागजात मिति २०७२।०९।०९ मा मात्र तयार भएको । ४ वटा कित्तामा मोही कायम भएको देखिएको मूल्याङ्कन प्रतिबेदनमा मोही नभएको उल्लेख भएको भन्ने समेत व्यहोराको नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण बिभागका कार्यकारी निर्देशक महेश्वर लाल श्रेष्ठले प्रहरी केन्द्रीय अनुसन्धान व्यूरोमा दिएको पत्र जाहेरीबाट देखिरहेको अवस्थामा प्रमाण कागजातलाई मूल्याङ्कन गरी फैसला हुनु पर्नेमा सो तर्फ अन्देखा गरी भएको

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

			को कसुरको मतियार हुने कसुर भएकोले प्रतिबादीहरू सन्तोष धिताल, सागर नेउपाने, विकास श्रेष्ठ, दुर्गादत्त जोशी, रामचन्द्र बसौला, ऋषिराज भट्ट र प्रमोद भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम ऐ दफा १७ अनुसार दावी लिईएका कसुरदारलाई हुने सजायको आधा सजाय तथा प्रतिवादीहरू रोहित दाहाल, लेखनाथ दाहाल, मनोज कुमार भेटवालले सार्वजनिक संस्थाबाट ऋण रकम लिई लाभसमेत लिएको देखिँदा निजहरूलाई ऐ. दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम ऐ. दफा १७ अनुसारको कसुर गर्ने प्रतिबादी सरह नै सजाय गरी पाउन मागदावी लिईएको अवस्था छ ।		फैसला त्रुर्टिपूर्ण भई बदरभागी रहेको छ । **ग.** प्रतिबादी मध्येका छविरमण अधिकारीको हकमा हेर्दा, प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो महाराजगंज काठमाण्डौको पत्रसाथ प्राप्त प्रमाण मिसिल संलग्न एपेक्स डेभलपमेन्ट बैंक लि.को संचालक समितिको मिति २०७२/७/१९ मा नै बसेको २३८औं बैठकको निर्णयको छायाँ प्रतिबाट यी प्रतिबादीले उक्त बैठकमा संचालकको हैसियतले हस्ताक्षर गरेको देखिन्छ । यी प्रतिबादीले यस आयोग समक्ष बयान गर्दा उक्त हस्ताक्षरलाई अन्यथा भन्न नसकी आफू नागरिक लगानी कोषमा २०६७ साल देखि उप व्यवस्थापकको रुपमा कार्यरत रहेको, जसअन्तर्गत लगानी महाशाखाको जिम्मेवारी सम्हाल्दै आएको, सोही सिलसिलामा मिति २०६८ सालदेखि नागरिक लगानी कोषको लगानी रहेको साविक रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लिमिटेडमा कोषवाट प्रतिनिधि संचालकमा सदस्य पदमा खटाएकोले सोको समेत जिम्मेवारी निर्वाह गर्दै आएकोमा उक्त फाइनान्स, रारा बिकास बैंक र अपि फाईनान्स लिमिटेडको मर्जरपश्चात बनेको एपेक्स डेभलपमेन्ट बैंक लिमिटेडमा समेत सोही भूमिका निर्वाह गर्दै आएको, संचालक समितिको बैठकमा उपस्थित हुन बोलावट भएपछि प्रतिनिधि संचालकको हैसियतमा उपस्थित भएको र कर्जाको प्रकृयागत बिषयमा भएको कैफियतका वारेमा जानकारी नभएकोले प्रवन्ध संचालकले सिफारीस गरी निर्णयको लागि पेश गरेको हुँदा असल नियतले निर्णयमा हस्ताक्षर गरेको भन्ने समेत व्यहोरा लेखेको पाईए पनि एपेक्स डेभलपमेन्ट बैंकको संचालक समितिको बैठकमा उपस्थित भई सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गरेको कुरा पुष्टि भईरहेको अवस्थामा सो तर्फ अन्देखा हुने गरी भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । **घ.** विकास श्रेष्ठ, दुर्गादत्त जोशी, रामचन्द्र बसौला, ऋषिराज भट्टको हकमा हेर्दा यी प्रतिबादी मध्येका विकास श्रेष्ठ साविक एपेक्स डेभलपमेण्ट बैंक लि.का बरिष्ठ प्रबन्धक दुर्गादत्त जोशी वरिष्ठ प्रबन्धक, रामचन्द्र बसौला सहायक महाप्रबन्धक र ऋषिराज भट्ट निमित्त प्रमुख कार्यकारी अधिकृत रहेको देखिन्छ । यी प्रतिबादीहरुले २०७२।०७।१७ गते व्यवस्थापन कर्जा समितिको तर्फबाट निबेदक अरुणिमा हाउजिङ प्रा.लि.लाई रु.५ करोड कर्जा प्रदान गर्न स्वीकृतिको लागि संचालक समितिमा पेश गर्ने निर्णय गरेको देखिन्छ । जवकि यो हाउजिङ

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

					व्यवसाय दर्ता भएको मितिले संचालनमा आएको २०७२।७।१५ मा २ दिन पछाडि नै प्रतिबेदन तयार भएको तथा सम्बन्धित ऋणीले धितोमा रहेको जग्गा नै मिति २०७२।८।१४ मा खरीद गरेको देखिन्छ। उल्लेखित तथ्यले यी प्रतिबादीहरु अन्य प्रतिबादीहरु रिता वादे श्रेष्ठ, सुवर्ण राजभन्डारी, बिष्णु प्रसाद धिताल, ईच्छा बहादुर गुरुङ, छविरमण अधिकारी र लोकेन्द्रमान कर्माचार्यको मत सल्लाहमा लागि सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको कुरा पुष्टि भईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भई बदरभागी रहेको छ । ङ. प्रतिबादी मध्येका नरेश स्वारको हकमा हेर्दा यी प्रतिबादीले City Engineering Consultancy को इन्जिनियरको हैसियतले अरुणिमा हाउजिङ हाउजिङ प्रा.लि.लाई प्रवाह भएको कर्जाको धितो तापलि गा.वि.स. वडा नं. ०६ग भक्तपुर कित्ता नं. ५१६, ४०३, १४३, १८४, ३९८, ८९, ५१०, १४९ को गरी जम्मा क्षेत्रफल ५-११-३-२ जग्गाको Fair Market Value रु ६,२१,७१,०००।- र Distress Value रु.४,९७,३७,०००।- रहेको भनी मिति २०७२।०७।१७ मा Valuation Report दिएको देखिएको देखिन्छ । धितो लिलाम गर्ने प्रक्रियाको लागि धितोमा रहेको जग्गाको पुनः मूल्याङ्कन गर्दा धितोमा राखेको जग्गाको Fair Market Value ४०,४७३,०००.-र Distress Value २५,३६३,०८०।- र सोही धितोको जग्गाको रहेको मोही कटाएर पुन मुल्याङकन गर्दा Fair Market Value of land १५,०८४,०० र Distress value of land ९,४२५,६४०.- उल्लेख गरेको देउराली कन्सल्टिङ ईन्जिनियरङ प्रा.लि.बाट भएको देखिन्छ । धितो मूल्याङ्कन प्रतिबेदन मिति २०७२।०७।१७ मा तयार भएको तर सोही मूल्याङ्कन प्रतिबेदनमा राजीनामा मिति २०७२।८।१४ उल्लेख भएको हुनाले प्रतिबेदन गलत ढंगले तयार भएको देखिन्छ । ४ वटा कित्तामा मोही उल्लेख भएको देखिएको मूल्याङ्कन प्रतिबेदनमा मोही नभएको उल्लेख भएको, स्थलगत निरीक्षणको क्रममा बाटो तथा जग्गाको सिमाना यकिन नभएकोबाट धितो मूल्याङ्कनकर्ताले बदनियत राखि धितोको मूल्याङ्कन गरेको देखिन्छ । उल्लेखित तथ्यले यी प्रतिबादी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (घ)(१) ले राष्ट्रसेवकको परिभाषा भित्र पर्ने व्यक्ति भएका र सार्वजनिक संस्था साविक एपेक्स डेभलप्मेन्ट बैंक लि. र निजवीच मिति ०८ नोभेम्बर, २०१४ मा भएको सम्झौताअनुरुप धितोको

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

					मूल्यांकन गरी प्रतिबेदन दिने निजको कर्तव्य भएकोमा निजले धितोको मूल्यांकन गरी प्रतिबेदन दिँदा बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई नभएको कुरा देखाई प्रतिबेदन दिएको कुरा देखिरहेको अवस्थामा यी प्रतिवादीलाई आरोपदावीवाट नै सफाई हुने ठहर गरी भएको विशेष अदालतको फैसला कानूनको रोहमा त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । **च.** प्रतिबादी मध्येका रोहित दाहाल, लेखनाथ दाहाल र मनोज कुमार भेटवालको हकमा हेर्दा प्रतिबादी मध्येका रोहित दाहालले साबिकको एपेक्स डेभलपमेन्ट लिमिटेडबाट धितोले नखाम्ने गरी रु.५ करोड कर्जा लिएको देखिन्छ। उक्त कर्जा लिँदा निजको काका लेखनाथ दाहालले भनेर कर्जा निकालेको हो भन्ने कुरा बयान गर्दा भनेको देखिन्छ। लेखनाथ दाहालले बयान गर्दा आरोपित कसुरमा मैले नै रोहित दाहाललाई ऋण निकाल्नको लागि सहयोग गरेको हुँ। मेरो साथी मनोज कुमार भेटवाको मत सल्लाहमा लागि रु. ५ करोड ऋण निकालेको हो र सो रकम निस्कना साथ रोहित दाहालले हस्ताक्षर गरी मनोज कुमार भेटवालले लगेका हुन भनि पोल गरेको देखिन्छ भने प्रतिबादी मध्येका मनोज कुमार भेटवालले आरोपित कसुरमा ईन्कार गरेको देखिन्छ। यसरी प्रतिबादी रोहित दाहाले आफ्नो नाममा साबिकको एपेक्स डेभलपमेन्ट लिमिटेडबाट कर्जा निकालेको कुरा अन्यथा भन्न नसकेको, लेखनाथ दाहालले रोहित दाहालको लागि ऋण निकाल्नको लागि सहयोग गरेको, मनोज कुमार भेटवालले आफूलाई लेखनाथ दाहालले पोल्न पर्ने अवस्थाको सम्बन्धमा पत्यारपरक रुपमा जिकिर लिन नसकेबाट यी प्रतिवादिहरु अन्य प्रतिबादीहरु रिता वादे श्रेष्ठ, सुवर्ण राजभन्डारी, बिष्णु प्रसाद धिताल, ईच्छा बहादुर गुरङ, छविरमण अधिकारी र लोकेन्द्रमान कर्माचार्यको मत सल्लाहमा लागि सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरि हिनामिना तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको भन्ने प्रष्ट देखिरहेको अवस्थामा प्रतिवादीहरुलाई आरोप दावीवाट नै सफाई हुने ठहर गरी भएको फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । **छ.** प्रतिबादी मध्येका आशिष बहादुर धमला र उमेश चन्द्र गोतामेको हकमा हेर्दा प्रतिबादी मध्येका आशिष बहादुर धमलाले मिति २०७२।०७।१७ मा निबेदक अरुणिमा हाउजिङ प्राकरोड कर्जा प्रदान गर्न स्वीकृतिको ५.लाई रु.लि. लागि एपेक्स डेभलपमेन्ट बैंक लिमिटेडको केन्द्रीय कार्यालयको कर्जा समिति

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

					हात्तिसार काठमाडौंमा स्वीकृतिको लागि सिफारिस गरेको देखिन्छ भने उमेश चन्द्र गोतामेले निवेदक अरुणिमा हाउजिङ प्रा लाई.लि.Term Loan शीर्षकमा रु ५. करोड कर्जा प्रवाह गर्न फायल खडा गर्ने कार्यमा आएका कागजात तयार गरेको देखिन्छ यी प्रतिवादी आरोपित कसुरमा इन्कार रही वयान गरेको भएता पनि उमेर पुगेको वयस्क व्यक्तिले अरुले लाए अराएको कार्य गरेको भनेकै आधारमा आपराधिक दायित्वबाट उन्मुक्ति पाउन नसक्ने हुँदा यी प्रतिवादीहरु अन्य प्रतिवादीहरु रितावादे श्रेष्ठ, सुवर्ण राजभन्डारी, बिष्णु प्रसाद धिताल, ईच्छा बहादुर गुरुङ, लोकेन्द्रमान कर्माचार्य र छविरमण अधिकारीको मत सल्लाहमा लागि सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको कुरा पुष्टि भईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ। **ज.** प्रतिबादी मध्येका प्रमोद भट्टराईको हकमा हेर्दा यी प्रतिबादीले निबेदक अरुणिमा हाउजिङ प्राकरोड कर्जा प्रवाह गर्न स्विकृतिका लागि ५.लाई रु.लि. सिफारीस गर्ने निर्णय भएको एपेक्स डेभलपमेन्ट बैक लिको मिति .।०७।२०७२१७ को कर्जा मूल्याङ्कन तथा सिफारीस पत्रमा हस्ताक्षर गरेको देखिन्छ । निजले तत्कालीन अबस्थामा जाँच तथा सिफारिस गर्ने कर्जा प्रमुखको रुपमा कार्यरत रहेको र निजले परियोजना संचालनमा रहेको वा नरहेको लगायतका अन्य कैफियतहरुको बारेमा राम्रोसँग चेकजाँच नगरी हचुवाको भरमा ऋणीलाई ऋण दिन मिल्छ भनी सिफारीस गरेको देखिँदा यी प्रतिबादीले अन्य प्रतिबादीहरु रिता वादे श्रेष्ठ, सुबर्ण राजभन्डारी, बिष्णु प्रसाद धिताल, ईच्छा बहादुर गुरुङ, लोकेन्द्रमान कर्माचार्य र छविरमण अधिकारीको मत सल्लाहमा लागि सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको कुरा पुष्टि भईरहेकोमा सो तर्फ अन्देखा हुने गरी भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई बदरभागी रहेको छ । **झ.** उक्त ऋण असुलीको विषयमा ऋण असुली न्यायाधिकरणमा र यसै विषयमा वैकिङ्ग कसूर मुद्दा विशेष अदालतमा समेत दायर भएको देखिएको भनि यी प्रतिवादीहरुलाई प्रस्तुत भ्रष्टाचार मुद्दामा सफाई दिने ठहर गरी फैसला भएको देखिन्छ । एकै कसूर (Same offence) को अवधारणालाई केन्द्रविन्दु मानी दोहोरो

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

					खतराको अवस्था निक्यौंल गर्नुपर्ने हुन्छ। ICCPRको Article १४ को Sub Article (७) मा प्रयुक्त "for an offence for which he has already been finally committed or acquitted" वाक्यांशले सोही कसूरलाई नै केन्द्रविन्दु मानेको देखिँदा एकै कसूरको अर्थ "सोही कसूर जसमा सो व्यक्तिलाई पहिले नै सजाय वा सफाई" भएको भन्ने सीधा अर्थमा लिनु पर्ने देखिन्छ।भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य कानून बमोजिम समेत कसूर मानिने रहेछ भने दुवै कानून बमोजिम अलग अलग मुद्दा चलाउन सकिने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को खण्ड (क) ले कानूनी व्यवस्था गरेको देखिन्छ। सरकारी ओहदा, सरकारी सम्पत्ति, तथा सार्वजनिक सेवाको दुरुपयोग गरी व्यक्तिगत लाभमा प्रयोग हुनबाट रोक्ने उद्देश्यले यस ऐनको तर्जुमा भएको देखिन्छ। भ्रष्टाचारको विषय अन्य कसूरको विषयसँग दोहोरिन सक्ने (Overlapping) अवस्था रहेकोले अन्य कानून अन्तर्गत कारवाही भइसकेको भन्ने आधारमा मात्र भ्रष्टाचारको कसूर उपचार शुन्य नहोस भन्ने उद्देश्यले उक्त खण्ड (क) को प्रावधान विधायिकाले राखेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन अन्तर्गतको विधायिकी उद्देश्य प्राप्तिमा कार्यधिगत अवरोध नहोस अर्थात दोहोरो खतराको सिद्धान्त बाधक नबनोस भन्ने यस प्रावधानको आधारभूत उद्देश्य रहेको देखिन्छ।यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट "एउटै तथ्यबाट एक भन्दा बढी कसूर हुन सक्दछन् । यसरी समग्र तथ्य तथा सम्बद्ध कानूनी व्यवस्था एवम् त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मान्न नमिल्ने ।कसैले कानुनद्वारा निषेधित आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग-अलग कानूनले अलग-अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानुन अन्तर्गत कारवाही गर्नुपर्ने भनी सीमित तुल्याउन नमिल्ने ।" भनि (महेश चापागाई विरुद्ध नेपाल सरकार, ने.का.प. २०६९, अङ्क ८ निर्णय नं. ८८७४) प्रतिपादित सिद्दान्त तथा उक्त कानूनी व्यवस्था विपरित हुने गरी यसै विषयमा अन्य निकायमा मुद्दा चलेको भन्ने आधारमा यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण हुँदा वदरभागी छ ।